नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

(सामान्य प्रशासन शाखा)

श्रीमहल, पुल्चोक, ललितपुर

प.सं. ०७३/०७४

च.नं. ३९८

मिति :- २०७३/१०/२६

विषय: निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्राविधिक कार्यालय, सवै।

जिल्ला प्राविधिक कार्यालयहरुको काम कार्वाहीलाई व्यवस्थित, चुस्त र प्रभावकारी वनाउन तपशिल वमोजिमका वुँदाहरु कार्यान्यनका लागि निर्देशन दिने निर्णय भएकोले उक्त निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वियन गर्नु गराउनुहुन अनुरोध छ ।

(गणेश बिकम शाही)
शाखा अधिकृत

तपशिल

१. कार्यालयको रिक्त दरवन्दी विवरण यकिन गरेर मात्र पदपुर्तिको लागि लोक सेवा आयोगमा माग गर्ने व्यवस्था गर्ने । काज खटिई अन्यत्र गएका कर्मचारीको दरवन्दी लाई रिक्त मानी लोक सेवा आयोगमा पदपुर्तिको लागि माग गर्ने गरेको देखिएकोले उक्त कार्य नगर्ने ।

२. यस विभागको पुर्व स्वीकृति विना विभिन्न जिल्लामा कार्यरत कर्मचारीले अध्ययनका लागि विभिन्न कलेजमा भर्ना हुने र भर्ना भै सकेपछि सरुवा तथा काज सरुवा माग गर्ने गरेकोले विभागको पुर्व स्वकिृति नलिई कार्यरत कार्यालय भन्दा फरक स्थानमा अध्ययनका लागि भर्ना भएका कर्मचारीहरुलाई सरुवा तथा काज सरुवा नगरिने भएकोले सोही अनुसार गर्ने गराउने ।

३. प्रमुख जिल्ला ईन्जिनियर र जिल्ला ईन्जिनियरहरुलाई अति आवश्यक काममा वाहेक जिल्ला नछोड्न निर्देशन दिने, अति आवश्यक काममा जिल्ला छोड्नुपर्दा लिखित रुपमा विभागको पुर्व स्वीकृत लिने र निर्देशनको वेवास्ता गरी जिल्ला छोड्ने जिल्ला प्राविधिक कार्यालयको प्रमुखको रेकर्ड राखि आवश्यक कार्वाही प्रक्रिया अगाडी वढाईने भएकोले यसलाई पुर्ण रुपमा पालना गर्ने गराउने ।

बोधार्थ:-

श्री जिल्ला सडक सुधार कार्यक्रम (LRIP) GIS & E-procurement Unit :–

यस विभागको website मा राखिदिनु हुन ।

फोन : ५५५५००१, ५५५३८४७, ५५५५३६२ फ्याक्स : ५५५५७२४, ५५५३८४७

Website: www.dolidar.gov.np